मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

## शुभकामना

नयाँवर्ष २०७९ सालको सुखद अवसरमा प्रदेश नं. १ सहित देश, विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै उहाँहरू सबैको सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दै नयाँवर्ष थप सुखद र उपलब्धीमूलक बन्न सकोस् भनी कामना गर्दछु ।

नयाँवर्ष २०७९, मुलुकमा संघीय प्रणाली आरम्भ भएपछिको पहिलो कार्यकालमा रहेको प्रदेश सभाको अन्तिम वर्ष पनि हो । यस वर्षको सुरुवाती महिना बैशाखमा मुलुकभरका स्थानीय तहमा एकै पटक निर्वाचन सम्पन्न हुन गइरहेको छ । यो वर्ष प्रदेश र संघीय संसदको कार्यकाल समाप्त हुने वर्ष पनि हो । आवधिक रूपमा जनताको अभिमत संकलन गर्ने र यसकै आधारमा राज्य व्यवस्था सञ्चालन हुने भएकाले निर्वाचनलाई लोकतन्त्रको प्राणवायु पनि भनिन्छ । सोहीअनुसार हुने निर्वाचनले राज्यव्यवस्था र यसका सञ्चालकलाई सामाजिक स्वीकृति प्रदान गर्दछ । यसै वर्ष हुने सबै तहका निर्वाचनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

हामी प्रदेश सभाको पहिलो कार्यकालको अन्तिम वर्षमा आइपुग्दा विगत चार वर्ष कसरी व्यतित भए सिंहावलोकन गर्दै अब बाँकी समय कसरी उपलब्धीमूलक बनाउने भन्ने एउटा चुनौतीपूर्ण अवस्थामा पनि छौं । प्रदेश नं. १ को नामकरण गर्न थाती रहेको सन्दर्भमा अबका दिनमा प्रदेश सभाको प्रमुख राजनीतिक दल यस कार्यमा सक्रियताका साथ प्रस्तुत हुने अपेक्षा गरेको छु । प्रदेश सभामा रहेका मुख्य राजनीतिक दलहरूको सहयोग, समर्थन र खुल्ला प्रयास भएको अवस्थामा प्रदेश नं. १ को नामकरण यसै वर्षमा टुंगिने विश्वास पनि व्यक्त गर्दछु ।

एउटा विशिष्ट परिस्थितिमा हामी सरकार सञ्चालन गर्न आइपुगेको सर्वविदितै छ । विगतमा शान्ति, स्थिरता, सुशासनका लागि दिइएको जनमत खण्डित हुँदा एक अलग परिस्थितिमा हामी सरकार सञ्चालन गर्न आइपुगेका हौं । हाम्रा लागि २०७८ साल कोरोना महामारी र त्यसको संक्रमणका कारणले केही सुखद हुन सकेन । हाम्रा साधन स्रोतलाई कोरोना संक्रमण रोकथाम र व्यवस्थापनमा केन्द्रित गर्दा नियमित काम कारवाही केही हदसम्म प्रभावित भए । यद्यपि सीमित साधन स्रोतका बाबजुद पनि हामी जनताको अपेक्षा पूरा गर्न प्रयासरत छौं । आर्थिक, सामाजिक रुपान्तरणसहित जनअपेक्षा पूरा गर्न हामी निरन्तर अघि बढ्ने कुराको विश्वास पनि दिलाउन चाहन्छु ।

अन्त्यमा, नयाँवर्ष २०७९ ले नयाँ आशा, उमङ्ग र उत्साह भर्न सकोस् र यो वर्षले सुदृढ राष्ट्रिय एकता, विकास र समृद्धिको सन्देश दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७९ बैशाख ०१ गते, बिहीबार